"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

NAMOBUDDHA MUNICIPALITY

पत्र संख्या : ०७७/७८
चलानी नं. : ३६६

मिति : २०७७।०६।१३

विषय : दरवन्दी मिलान सम्बन्धमा ।

श्री सम्पुर्ण शिक्षकहरु
नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको चं. न. २९ मिति २०७७।०६।११ को पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।०४।०५मा शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण सम्बन्धी निर्णय भई जिल्ला तथा स्थानीय तहगत शिक्षक दरवन्दी कायम भईसकेको र नमोबुद्ध नगरपालिकाको प्राथमिक तहको कुल पुल दरबन्दी ५० रहेकोमा खुद पुल दरबन्दी ६ रहेको व्यहोरा जानकारी गराइन्छ ।

हाल शिक्षक दरवन्दी मिलान तथा व्यबस्थापन कार्यबिधि,२०७६ अनुसार दरवन्दी मिलान तथा पुनर्वितरण कार्य भइरहेकोले शिक्षक दरवन्दी बढी भई कटौतीमा परेका (खुद पुल दरबन्दी रहेका) स्थानीय तहबाट तोकिएका सोहि जिल्ला भित्रको दरबन्दी थप हुने अर्को स्थानीय तहमा वा सम्वन्धित प्रदेशको तोकिएको दरबन्दी थप हुने अर्को जिल्लाको स्थानीय तहमा दरबन्दी सहित सरुवा भई जान चाहने इच्छुक शिक्षकहरुका लागि १५ दिनको म्याद दिई सुचना प्रकाशन गर्नु भनि लेखिआएकोले दरवन्दी मिलान तथा व्यवस्थापन प्रयोजनका लागि इच्छुक शिक्षकहरुले मिति २०७७६।२८गते भित्र जान चाहेको यस जिल्ला भित्रको निम्न स्थानीय तहमा वा प्रदेश भित्रको तह समेत तोकी यस नगरपालिका शिक्षा शाखामा निवेदन दिनुहुन अनुरोध छ । साथै अन्य जिल्लाको रिक्त दरबन्दीमा सरुवा भई जान चाहने शिक्षकले समेत नियमानुसार निवेदन दिनुहुन अनुरोध छ ।

| क.स | स्थानीय तहको नाम | थप हुने संख्या | कैफीयत |
|---|---|---|---|
| १ | माहाभारत गाउँपालिका | ५२ | |
| २ | खानिखोला गाउँपालिका | २६ | |

जनार्दन रिजाल
(उप सचिव)